# धवलागिरी गाउँपालिका

# आर्थिक ऐन २०७५

धवलागिरी गाउँपालिकाको अर्थ सम्बधी प्रस्तावलाई कार्यान्वायन गर्न बनेको ऐन

सभावाट स्वीकृत मितिः२०७५/०३/१०

**प्रस्तावनाः** धवलागिरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वायन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) वमोजिम धवलागिरी गाउँपालिकाको गाउँसभाले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन २०७५" रहेको छ ।
   (२) यो ऐन २०७५ साल श्रावण १ गते देखी धवलागिरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** धवलागिरी गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) वमोजिम सम्पति कर/घरजग्गा कर लगाईने र असुल उपर गरिने छ ।

३. **भूमी कर (मालपोत)**ः धवलागिरी गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) वमोजिम भूमीकर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

४. **घर वहाल करः** धवलागिरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) वमोजिम घर वहाल कर लगाईने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय करः** धवलागिरी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

६. **जडिवुटी, कवाडी र जीवजन्तु करः** धवलागिरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, वनकस, कवाडी माल, र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) वमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर**ः धवलागिरी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) वमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

८. **विज्ञापन कर**ः धवलागिरी गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) वमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**ः धवलागिरी गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) वमोजिम मनोरन्जन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

१०. **वहाल विटौरी शुल्क**ः धवलागिरी गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसूचीमा व्यवस्था भए अनुसार वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क**ः धवलागिरी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (१०) वमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिङ, वञ्जी जम्पिङ, जीप फ्लाएर र रयाफ्टिङ शुल्क**ः धवलागिरी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, वञ्जी जम्पिङ, जीप फ्लाएर र रयाफ्टिङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) वमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **सेवाशुल्क, दस्तुर**ः धवलागिरी गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पुर्वाधार उपलव्ध गराईएको सेवामा सेवाग्राही बाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क**ः धवलागिरी गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरु वाट अनुसूची १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

१५. **कर छुट**ः यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि**ः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि धवलागिरी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १

## (दफा २ सँग सम्वन्धित)

यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम सम्पत्ति कर निर्धारण गरिएको छ ।

प्रति घर रु ५०।—

## अनुसूची २

## (दफा ३ सँग सम्बन्धित)

यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम भूमी कर (मालपोत कर) निर्धारण गरिएको छ ।

क) २० रोपनी सम्म रु ५०।—

ख) २० रोपनी भन्दा माथि प्रति रोपनी रु १० को दरले थप कर लगाईने ।

## अनुसूची ३

## (दफा ४ सँग सम्बन्धित)

क) जम्मा बहाल रकमको १०% कर लगाईने ।

## अनुसूची ४

## (दफा ५ सँग सम्बन्धित)

यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम व्यवसाय कर निर्धारण गरिएको छ ।

| क.स | व्यवसायको प्रकार | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | किराना पसल | ५००।- | ५००।- |
| २ | होटल तथा रेष्टुरेन्ट | ५००।- | ५००।- |
| ३ | फेन्सी पसल | ५००।- | ५००।- |
| ४ | हार्डवयर पसल | ५००।- | ५००।- |
| ५ | मासु पसल | ५००।- | ५००।- |
| ६ | स्टेशनरी पसल | ५००।- | ५००।- |
| ७ | औषधी पसल | ५००।- | ५००।- |
| ८ | मदिरा पसल (सिफारीस) | ७५००।- | ७५००।- |
| ९ | एफ.एम, केवल टि.भी संचालन दर्ता शुल्क | १०,०००।- | |
| १० | अन्य व्यवसाय | ५००।- | ५००।- |
| | | | |

## अनुसूची ५
### (दफा ६ सँग सम्बन्धित)

यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम प्राकृतिक स्रोत साधन व्यवसायिक कर निर्धारण गरिएको छ ।

क) भेडाच्याङ्ग्रा पैठारी कर — प्रतिगोटा रु १०

ख) जडीवुटी निकासी कर - नेपाल सरकारले तोकेको राजश्वको २०%

## अनुसूची ६
### (दफा ७ सँग सम्बन्धित)

सवारी साधन कर गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसूची ७
### (दफा ८ सँग सम्बन्धित)

विज्ञापन कर गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसूची ८
### (दफा ९ सँग सम्बन्धित)

मनोरन्जन कर गाउँ कार्यपालिकाले साविकमा निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसूची ९
### (दफा १० सँग सम्बन्धित)

बहाल विटौरी शुल्क / कर गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसूची १०
### (दफा ११ सँग सम्बन्धित)

सवारी साधन पार्किङ शुल्क गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसूची ११
### (दफा १२ सँग सम्बन्धित)

ट्रेकिङ, कोयोकिङ, वञ्जी जम्पिङ, जीप फलाएर र रयाफ्टिङ शुल्क / कर गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसूची १२

### (दफा १३ सँग सम्वन्धित)

यस गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिम सेवा शुल्क तथा दस्तुर निर्धारण गरिएको छ ।

| क.स | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | सिफारीस दस्तुर | रु २००।- |
| २ | पञ्जीकरण दस्तुर (३५ दिन पछाडी मात्र लाग्ने) | रु ५०।- |
| ३ | नाता प्रमाणित (नेपालीमा) | रु २००।- |
| ४ | नाता प्रमाणित (अङ्ग्रेजीमा)<br>अङ्ग्रेजी प्रमाणित | रु ३००।—<br>रु ३००।- |
| ५ | **सम्पत्ति मूल्यांकन नेपाली :** | |
| | जम्मा सम्पती मुल्याङ्कनको | ०.१५% |
| | **सम्पत्ति मूल्यांकन अंग्रेजी :** | |
| | जम्मा सम्पती मुल्याङ्कनको | ०.२०% |
| ६ | **सम्पति श्रोत प्रमाणित (नेपालीमा)** | |
| | जम्मा सम्पतिको | ०.१५% |
| | **सम्पति श्रोत प्रमाणित (अंग्रेजीमा)** | |
| ७ | जम्मा सम्पतिको | ०.२०% |
| ८ | **नक्शा पास सम्बन्धी शुल्क** | |
| | भुँईतला र पहिलो तला | रु ५ प्रति वर्गफिट |
| | दोश्रो तला | रु ६ प्रति वर्गफिट |
| | तेश्रो तला वा सो भन्दा बढी | रु ८ प्रति वर्गफिट |
| | अस्थायी टहरा १००० वर्गफिट भन्दा बढी भएमा | रु २ प्रति वर्गफिट |
| | अस्थायी टहरा १००० वर्गफिट भन्दा कम भएमा | रु ५०० एकमुष्ट |
| | नक्सा पास (कच्ची भवनको) | रु ३ प्रति बर्गफिट |
| ९ | घर सम्पन्न प्रमाणपत्र | रु १०००।- |
| १० | हलभाडा वापत | रु १००० प्रति दिन |
| ११ | प्रोजेक्टर भाडा वापत | रु १५०० प्रति दिन |

## अनुसूची १३

### (दफा १४ सँग सम्बन्धित)

पर्यटन शुल्क / कर गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।